International Research Journal of
Makawanpur Multiple Campus (IRJMMC)

Vol- 4, No. 4, December 2023 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

# वात्सायनको कामसूत्रमा साहित्य विश्लेषणको सैद्धान्तिक आधार

## (The Theoretical Basis of Literature Analysis in Vatsayan's Kamasutra)

**GHANSHYAM GHIMIRE | KHIL PRASAD BARAL | NIRA SHARMA | JAYARAM GAUTAM**

*Author affiliations can be found in the back matter of this article

**CORRESPONDING AUTHOR**
**Ghanshyam Ghimire**
Makawanpur Multiple Campus, Hetauda
gshyamghimire420@gmail.com

*KEYWORDS*

काम (Sex)

मन (Mind)

विभाव (Emotion)

व्यभिचारीभाव (Adultery)

फ्रायडवाद (Freudianism)

*ABSTRACT*

प्रस्तुत अनुसन्धानमूलक लेखमा वात्सायनको कामसूत्रको अध्ययन गरी यसबाट साहित्य विश्लेषणको आधार खोजी गरिएको छ । वात्सायनको कामसूत्र विश्व साहित्यमा नै प्राचीनतम एवम् व्यवस्थित यौनविषयसँग सम्बन्धित पुस्तक हो । तर यसलाई कामविज्ञानका रुपमा मात्र अध्ययन भइरहेको पृष्ठभूमिमा यस लेखमा साहित्यिक मूल्यको खाजी गरिएको छ । सम्भोकलासँग सम्बन्धित कामसूत्रमा शृङ्गार रस र यसका सामग्रीहरु (विभाव, अनुभनव, व्यभिचारीभाव र स्थायीभाव) का बारेमा व्यापक र व्यवस्थित चर्चा भएको छ । त्यसैगरी त्रिवर्ग (धर्म, अर्थ र काम) अन्तर्गत कामका बारे विस्तृत रुपमा विश्लेषण गर्दै काम र मनका बीचको नजिकको सम्बन्ध अनि मनको आनन्दको प्रमुख स्रोत काम वा सम्भोगसुख विषय कामसूत्रमा उल्लेख भएको छ । यस लेखमा कामसूत्रमा रहेको शृङ्गारिकता एवम् काम र मनको सम्बन्धलाई साहित्य विश्लेषणको सैद्धान्तिक आधारका रुपमा पहिचान गरिएको छ । [In the presented research article, Vatsayana's Kamasutra has been studied and the basis of literary analysis has been sought from it. Vatsayana's Kamasutra is the oldest and systematic book related to sex in world literature. But in the background that it is being studied only as a work science, the literary value has been checked in this article. In the Kamasutra related to Sambhogkala, there has been a comprehensive and systematic discussion about Sringara Rasa and its ingredients (vibhava, anubhanava, vyabhicharibhava and permanentbhava). In the same way, the close relationship between work and the mind and the main source of happiness of the mind is mentioned in the Kamasutra by analyzing work in detail under the three categories (religion, artha and sex). In this article, the beauty and the relationship between work and mind in the Kamasutra have been identified as the theoretical basis of literary analysis.]

## १. विषयपरिचय

वात्स्यायन पूर्वीय सभ्यताका महत्वपूर्ण विद्धान् हुन् । वात्स्यायनको जन्मसमय र स्थानका बारे यकिन तथ्य

नभएपनि उनी पहिलो शताब्दीका आचार्य भएको मानिएको छ (शर्मा, २०७२) । कतिपय तथ्यहरुले भने वात्स्यायनलाई पहिलो र छैठौं शताब्दी बीचको भएको अनुमान गर्न सहयोग पुऱ्याउँछ (पोखरेल, २०७४:५४) । वात्स्यायनको वास्तविक नामका सन्दर्भमा पनि विभिन्न तर्कहरु भेटिन्छन् । उनलाई चाणक्य, विष्णुगुप्त, मल्लनाग, वररुमि, पक्षिलस्वामी, मेयजित्, पुनर्वसु जस्ता नामले चिनाइएको पाइन्छ (शास्त्री, २०६४:९) ।

महर्षि वात्स्यायनद्धारा लेखिएको कामसूत्रलाई कोकशास्त्र, वात्स्यायनसूत्र पनि भनिएको पाइन्छ । कामसूत्र विश्वप्रसिद्ध प्राचीन कामशास्त्र हो । जसलाई विश्वकै पहिलो यौनसंहिता मानिन्छ । कामसूत्रमा सात भाग (अधिकरण), छत्तीस अध्याय र चौसठ्ठी प्रकरणमा बाँडिएर एक हजार दुई सय पचास सूत्र रहेका छन् । आलिङ्गन, चुम्बन, स्पर्श, दाँत र नङ्गको प्रयोग, सित्कार र यौन अङ्गको आधारमा स्त्री र पुरुषको वर्गीकरण, स्त्री र पुरुषमा हुनुपर्ने चौसठ्ठी कला, वर्जित सम्बन्धमा स्वीकृत सम्बन्धदेखि कामक्रियाको समयमा अपनाउनु पर्ने विधिका बारेमा समेत वर्णन गरिएको छ । कामसूत्रको नाम हिन्दूहरुको यौनदेवता कामदेवबाट प्रेरित भएर राखिएको छ । कामसूत्रको पहिलो सूत्रमा नै चारवर्गका फलहरुमा धर्म, अर्थ, काम र मोक्षका बारे चर्चा गर्दै काम अर्थात् वासना विषयको व्याख्याका साथ यसको महत्व उल्लेख गरी कामसूत्रको थालनी गरिएको छ । यस ग्रन्थमा कामका नियमहरु बताउदै केकस्ता उपायहरु अपनाउन सकियो भने यौनजीवन सुखमय हुन सक्छ भन्ने विषय प्रस्तुत गरिएको छ । समलिङ्गीभन्दा पनि विपरीत लिङ्गीबीचको आकर्षणलाई व्याख्या गर्दै स्त्री र पुरुषबीचको सम्भोगकार्यलाई अझ रुचिपूर्ण बनाउने कलाको सूत्र वात्स्यायनले उल्लेख गरेका छन् । कतिपय परिच्छेदका कतिपय सूत्रहरूमा समलिङ्गी सम्बन्धको समेत व्याख्या गरिएको छ । वात्स्यायनले चारवर्ग फलप्राप्तिलाई शरीर,वुद्धि,मन र आत्मासँग अन्तरसम्बन्धित बनाएर उल्लेख गरेका छन् । धर्म शरीरसँग, वुद्धि अर्थसँग, मन कामसँग र आत्मा मोक्षसँग सम्बन्धित हुने भएअनुसार मानवमनको सम्बन्धलाई काम वा वासनासँग जोडेर वात्स्यायनले कामसूत्र तयार गरेको देखिन्छ।

वात्स्यायनको कामसूत्रलाई यौनसंहिता र कतिपय अवस्थामा यौनविज्ञान एवम् कामशास्त्रका रुपमा मात्र व्याख्या भइरहेको पृष्ठभूमिमा यसले साहित्यलाई केकसरी प्रभाव पार्न सक्छ ? विशेषगरी यौनप्रधान साहित्यमा यसको प्रभाव पहिचान गर्ने सैद्धान्तिक आधार के हुनसक्छ ? भन्ने जस्ता समस्याहरु रहेका छन् । तिनै समस्याहरुको समाधान खोज्दै कामसूत्रबाट साहित्य विश्लेषणको सैद्धान्तिक आधार खोजी गर्नु नै यस लेखको मुख्य उद्वेश्य रहेको छ।

## २. अध्ययन विधि

वात्सायनको कामसूत्र पूर्वीय वाङ्मयको प्राचीनतम् ग्रन्थ हो । यौन सम्बन्धको कला वा सम्भोगकलाका साथै यसको दार्शनिक चिन्तन,जैविक आवश्यकता र सामाजिक आचरणलाई समेत ख्याल गरेर लेखिएको यस कृतिको मुख्य उद्देश्य साहित्यिक विमर्श वा साहित्यिक सिद्धान्त निर्माण होइन । तर सम्भोग कलाका बारे विशद् चर्चा गर्ने क्रममा स्वभाविक रुपमा काव्यात्मक सन्दर्भहरुलाई पनि प्रभाव पार्ने अवधारणाहरु आएका छन् । यसर्थ कामसूत्रमा साहित्यिक सन्दर्भहरु केकसरी आएका छन् अनि तिनीहरुबाट केकसरी सिद्धान्त निर्माण गर्न सकिन्छ भन्ने उद्देश्यका साथ यो लेख तयार पारिएको हुनाले यसमा स्रोत सामाग्रीहरु जुटाउने क्रममा पुस्तकालय विधि र ती सामाग्रीहरुको विश्लेषण गर्ने क्रममा व्यख्यात्मक एवम् तुलनात्मक विधिको प्रयोग गरिएको छ।

## ३. सैद्धान्तिक आधार

वात्सायन (इस्वीको पहिलो शताब्दी) ले पूर्वीय वाङ्मयका क्षेत्रमा महत्वपूर्ण योगदान दिएका छन् । विश्वमा नै सम्भोगकलासँग सम्बन्धित प्राचीनतम् ग्रन्थ 'कामसूत्र' ( पहिलो शताब्दीतिर) ले यौन चाहना, यौन आसन, यौन आवश्यकता आदिका बारेमा चर्चा गर्ने क्रममा साहित्यिक मूल्यलाई पनि प्रत्यक्ष वा परोक्ष रुपमा सङ्केत गरेको पाइन्छ। त्यही सङ्केतका आधारमा सैद्धान्तिक आधार निर्माण गर्न सकिन्छ । कामसूत्रको पहिलो सूत्रमा नै त्रिवर्ग अर्थात् धर्म, अर्थ र कामका बारे उल्लेख गरिएको छ। 'काम' को विशद् व्याख्या गर्नुलाई नै यस कृतिको उद्देश्य मानिएको छ। काम रतिसँग सम्बन्धित छ। 'रति' शृङ्गार रसको स्थायीभाव हो । संस्कृत साहित्य सिद्धान्तको परम्परामा रसका बारेमा आचार्य भरत (इस्वीको पहिलो शताब्दी) बाट नै व्यापक बहस हुँदै आएको पाइनुका साथै यो स्थापित सिद्धान्त समेत हो । "........बरु भरतको नाट्यशास्त्रम्भन्दा अगाडिको वात्सायनको कामसूत्रबाटै रसको शास्त्रीय चिन्तन आरम्भ भएको मानिन्छ" (नगेन्द्र, सन् १९८७, पृ.८) । यसबाट पनि भरतको 'नाट्यशास्त्रम्' भन्दा अगाडि कामसूत्र लेखिएको र कामसूत्रमा नवरसमध्ये शृङ्गार रसका बारे सैद्धान्तिक व्यख्या भएको

विषय स्पष्ट छ । त्यसैगरी वैचारिक चिन्तनका दृष्टिकोणका अनुसार पनि त्रिवर्गको चर्चा ( कामसूत्र. १/१/१ ) गर्ने क्रममा पनि केही सङ्केत पाइन्छ । त्यसकारण निम्नानुसार दुई बुँदाका आधारमा कामसूत्रमा प्राप्त गर्न सकिने सैद्धान्तिक आधार पहिचान गर्न सकिन्छः–

—शृङ्गारिकता

—काम र मन

## ३.१ शृङ्गारिकता

नवरस मध्येको शृङ्गार रसको स्थायी भाव 'रति'लाई कामसूत्रमा मुख्य विषय बनाइएको छ । स्त्री र पुरुषका बीचको शारीरिक सम्बन्धलाई कसरी उत्कृष्ट बनाउन सकिन्छ भन्ने मुख्य विषयसँग यो कृति सम्बन्धित छ । जवानी अवस्था ( १६– १७ वर्ष) मा नै कामप्रवृत्त हुनुपर्छ (कामसूत्र, १/२/३) भन्दै कामक्रीडाका लागि व्यक्तिको उमेर निर्धारण गरिएको अनि कान, छाला, जिभ्रो र नाक गरी पाँच इन्द्रियको इच्छा अनुसार शब्द, स्पर्श रुप, रस र गन्ध आफ्नो विषयमा प्रवृत्त हुनु नै काम हो, काम इन्द्रियको प्रवृत्त हो (कामसूत्र १\२\११) भनेर कामका बारे दृष्टिकोण प्रस्तुत गरिएको छ । यही काम वा रतिलाई साहित्यिक सिद्धान्तका सन्दर्भमा शृङ्गार रससँग जोडिएको छ । 'रस विधान या निर्माण गर्ने तत्वलाई रस विधायक तत्व भनिन्छ (पौडेल, २०५७, पृ.११६) । यसैलाई रस सामाग्री वा रसका अङ्ग पनि भनिएको पाइन्छ । कामसूत्रमा 'काम' को विशद् व्याख्या गर्ने क्रममा शृङ्गार रसका सामाग्रीहरुको उदाहरण र प्रयोगसहित व्याख्या भएको छ । जसलाई निम्नानुसारको आरेखमा देखाउन सकिन्छः

### ३.१.१ स्थायी भाव

शृङ्गार रसको स्थायी भाव रति वा काम हो । मानवीय चित्तवृत्ति या मनको विकारलाई भाव भनिन्छ । यस्तो भाव सहृदयीको हृदयमा स्थिर या साँस्कृतिक वासनाका रुपमा रह्यो भने त्यसलाई स्थायी भाव भनिन्छ (पौडेल, २५७, पृ.११६) । रति वा काम वासनाका रुपमा रहेको अवस्था नै शृङ्गारिकता हो । वात्सायनले काम प्रवृत्तिलाई मानिसको मूल प्रवृत्तिका रुपमा प्रस्तुत गर्दै यो मानिसको युवावस्था अर्थात् १६ वर्षदेखि ७० वर्षका बीचमा बढी सक्रिय हुने कुरालाई उल्लेख गरेका छन् । कामसूत्रको साम्प्रयोगिक अधिकरणको पहिलो अध्यायमा रतावस्थापन प्रकरणमा रति' लाई प्रत्यक्ष सम्भोगका रुपमा व्याख्या गर्दै स्त्री र पुरुषको तृप्तिलाई केकसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने उपाय प्रस्तुत गरिएको सन्दर्भमा वात्सायनले 'रति' लाई सम्भोग सुखका रुपमा उल्लेख गरेको स्पष्ट हुन्छ । रस, रति, प्रीति, भाव, राग, वेग, समाप्ति यी शब्दहरु रति अर्थात् आनन्द को अर्थमा नै प्रयुक्त हुन्छन् तथा सम्प्रयोग, रत, रहः, शयन, मोहन यी शब्द सूरत सम्भोगको अर्थमा प्रयोग हुन्छन् ( कामसूत्र २/१/३२ ) । यसबाट पनि शृङ्गार रसको स्थायी भावका रुपमा रहेको 'रति' मूलतः कामसुखसँग नै सम्बन्धित छ । यही कामसुख पनि सम्भोग शृङ्गार र विप्रलम्भ शृङगारमा फरक–फरक ढङ्गले पहिचान गर्नुपर्ने हुन्छ ।

वात्सायनको कामसूत्रको आधारमा साहित्यिक विश्लेषण गर्दा शृङ्गार रसप्रधान वा यौन प्रधान रचनामा रति वा काम केकसरी प्रस्तुत भएको छ भन्ने कुराको अध्ययन स्थायी भावको पहिचानबाट गर्न सकिन्छ ।

### ३.१.२ विभाव

जसले आस्वादनीय भावको प्रस्फुटन गराउँछ, त्यो विभाव हो या सहृदयीको हृदयमा रहेको स्थायी भावरुपी आस्वादनीय भावको अङ्कुर उमार्ने तत्त्व विभाव हो (विश्वनाथ, १९८२,३/२९) । भावलाई पाठक वा दर्शकसम्म पुर्‍याउनका निम्ति कल्पित विषभवस्तु, पात्र, उसका चेष्टा, पात्रले व्यक्त गर्ने स्थान, समय जस्ता कुरा विभावका रुपमा चिनिन्छन् । यस्तो विभाव पनि आलम्वन विभाव र उद्दीपन विभाव गरी दुई किसिमका हुन्छन् । जसका सहायताबाट सहृदयीको हृदयमा रहेको रति आदि स्थायी भाव उद्बुद्ध हुन्छ, त्यसलाई आलम्वन विभाव भनिन्छ । सामान्यतः कृतिका पात्रहरु या नायक नायिकाहरु आलम्वन विभाव हुन्छन् (विश्वनाथ, १९८२,३/२९) । आलम्वन विभाव पनि विषय र आश्रय गरी दुई किसिमका हुन्छन् । अभिज्ञान शाकुन्तल नाटकमा शकुन्तला विषय हो भने दुष्यन्त आश्रय हो । जसलाई देखेर पात्रमा भाव अङ्कुरित हुन्छ, त्यो विषय हो भने जसमा भाव अङ्कुरित हुन्छ त्यो आश्रय हो । त्यसैगरी आलम्वन विभावले उद्बुद्ध तुल्याएको स्थायी भावलाई जसले उद्दीप्त तुल्याउँछ, त्यसलाई उद्दीपन विभाव भनिन्छ (विश्वनाथ, १९८, ३/१३१) । यो पनि आलम्वनगत बाह्य चेष्टा र बाह्य वातावरण गरी थप दुई किसिमको हुन्छ । आलम्वनगत बाह्य चेष्टा भनेको विषय आलम्वनका बाह्य क्रियाकलाप हुन् । जस्तै विषय शकुन्तलाको अनुरागपूर्वक हेराइ, कटाक्ष आदि आलम्वनगत बाह्य चेष्टा हुन् । यस्तै वातावरण भनेको बाहिरी परिवेश हो ।

जस्तै चन्द्रोदय, बसन्तोद्यान, फूल, भँवरा, शीतल हावा आदि रमणीय प्राकृतिक परिवेश बाह्य वातावरण अन्तर्गत पर्दछन्।

वात्सायनको कामसूत्रमा शृङ्गार रसका लागि अर्थात् सम्भोग सुखका लागि आवश्यक पर्ने विभावका बारे व्यापक चर्चा भएको छ। आलम्वन विभाव अन्तर्गत नायक, नायिका, नायक सहयोगी, दूतदूती, सौता, किन्नर, विदूषक लगायतको चर्चा भएको छ। विशेषगरी कामसूत्रको १/५/३ मा नायिकाको भेद, १/४/३३ मा विदूष्कको चर्चा, २/१/१ मा लिङ्ग र यौनीका आधारमा नायक र नायिकाको भेद लगायतका सन्दर्भमा आलम्वन विभाव अन्तर्गत पनि विषय र आश्रयको व्याख्या भेटिन्छ। त्यसैगरी उद्दीपन विभावको व्याख्या पनि शृङ्गार रस अनुकुल हुनेगरी व्यापक रुपमा भएको पाइन्छ। कामसूत्रको १/३/१५ मा चौसठ्ठी कलाका बारे उल्लेख गर्ने क्रममा उद्दीपन विभाव अन्तर्गत बाह्य चेष्टा र बाह्य वातावरणका बारे चर्चा भएको छ। त्यसैगरी कामसूत्रको १/४/५, २/१/१४, १/४/९, १/४/४ लगायतका सूत्रहरुमा उद्दीपन विभावका बारे विशद् चर्चा भएको छ। यसक्रममा उद्यानागमन, जलक्रिडा, गोष्ठीविचार, गीतसँगीत, कोठालाई फूलले सजाउने, शरीरमा रङ्ग चढाउने, ओछ्यान तयार गर्ने लगायतको चर्चा भएको छ।

## ३.१.३ अनुभाव

रति आदि स्थायी भावलाई विभावले उद्बुद्ध र उद्दीप्त तुल्याइ सकेपछि आश्रय आलम्वनमा देखिने कार्यचेष्टा अनुभाव हो। यसले स्थायी भावलाई रसरुपमा अनुभव गराउन थाल्छ। विश्वनाथले अनुभावलाई हृदयमा उद्बुद्ध रतिआदि भावहरुको बाहिरी प्रकाशन मानेका छन् (१९८२, ३/१३२)। अनुभाव पनि बाह्य अनुभाव र आन्तरिक अनुभाव गरी दुई किसिमको हुन्छ। बाह्य अनुभाव अन्तर्गत आङ्गिक, वाचिक र आहार्य गरी तीन भेद छन्। मनको भावनालाई शारिरिक अङ्ग सञ्चालनद्वारा प्रकट गर्नु आङ्गिक अनुभाव हो। त्यही भावनालाई बोलीले प्रकट गर्नु वाचिक अनुभाव हो। त्यही भावनालाई भेष, भुषा, अलङ्कार, साजसज्जा आदिले अभिनयमूलक ढङ्गमा प्रकट गर्नु आहार्य हो। त्यसैगरी आश्रय आलम्वनले विशेष प्रयत्न नगरिकनै प्रकट हुने अनुभाव आन्तरिक अनुभाव हुन्। स्वतः प्रकटित हुने हुँदा यसलाई अयत्नज अनुभाव पनि भनिन्छ। यस्तै यतिखेर व्यक्तिमा रजो र तमो गुण तिरोहित भई सत्व गुणको प्रबलता रहने हुँदा यसलाई सात्विक भाव या सात्विक अनुभाव पनि भनिन्छ। यसका पनि स्तम्भ (चेष्टाशून्य हुनु), स्वेद (पसिना आउनु), रोमाञ्च (खुसी वा डरले रोमाञ्चित हुनु), स्वरभङ्ग (स्वर लकपकाउनु), वेपथु (थरथरी काप्नु), वैवण्य (अनुहार विग्रनु), अश्रु (आँसु झार्नु) र प्रलय (मूर्छित हुनु) गरी आठ भेद छन्।

वात्सायनको कामसूत्रमा शृङ्गार रस अनुकूल हुनेगरी बाह्य अनुभाव अन्तर्गत व्यापक चर्चा भएको पाइन्छ। विशेषगरी बाह्य अनुभाव अन्तर्गत नायिका नायकले गर्ने शृङ्गार, पहिरन, बोली, व्यवहार, हाउभाउ आदिको सूत्रमा चौसठ्ठी कलाको व्यख्या गर्नेक्रममा बाजा बजाउने, नाच्ने, शरीर, कपडा र दाँतमा रङ्ग चढाउने, वस्त्रालङ्कार सजाउने, हातको सफाइ, शरीरको मालिस गर्ने, कपडा लगाउने कौशल, द्यूतक्रीडाको कौशल, व्यायाम विद्या लगायतको चर्चा गर्ने क्रममा उल्लेख भएको छ। त्यसैगरी प्राक्रिया अन्तर्गत २।१०।३९ सूत्रमा स्पर्श, चुम्बन, ओठ, गन्ध, हाँस्यव्यङ्य, आवाज र नजरको चर्चा गर्ने क्रममा आलिङ्गन, चुम्बन, नङ गाड्ने, दाँत गाड्ने लगायतको व्याख्या गर्ने क्रममा प्रेम अभ्यास, विचार, सम्झना र कामबाट प्राप्त हुन्छ | कामसूत्र, २।१।३९) को व्याख्या गर्ने क्रममा, दोस्रो अधिकरणको अध्याय ६ मा सम्भोग क्रियाको आसनका बारे चर्चा गर्ने क्रममा, दोस्रो अधिकरणको अध्याय ७ मा सित्कारको चर्चा गर्ने क्रममा, दोस्रो अधिकरणको अध्याय नौमा मुखमैथुनको चर्चा गर्ने क्रममा, दोस्रो अधिकरणको अध्याय दशमा रतारम्भावसनिक अन्तर्गत सम्भोगपछि गरिनु पर्ने कार्यको व्याख्या गर्ने क्रममा बाह्य अनुभावको व्याख्या भएको पाइन्छ। त्यसैगरी आन्तरिक अनुभाव अन्तर्गत सात्विक अनुभावको समेत प्रशस्त चर्चा भएको छ। स्त्रीलाई देखेर आँखामा प्रेम छाउनु, मन असन्तुष्ट हुनु, प्राप्त गर्ने संकल्प आउनु, निद्रा हराउनु, दुर्बल हुनु, विषयप्रति वैराग्य जस्तो हुनु, लाज हराउनु, उन्माद उत्पन्न हुनु, मूर्छित हुनु र मृत्यु हुनु कामका दश स्थान परिचायक हुन् (कामसूत्र, ५।१।५)। यी परिचायकहरुले शृङ्गार रसका आन्तरिक अनुभावलाई सङ्केत गर्दछन् जुन कामसूत्रमा उल्लेख गरिएको छ। सात्विक अनुभाव अन्तर्गत स्तम्भका बारेमा २।३।८ सूत्रमा, स्वेदका बारेमा २।८।१८ सूत्रमा, वेपथुका बारेमा ५।३।१६ सूत्रमा, अश्रुको बारेमा २।१०।३० सूत्रमा, प्रलयका बारेमा २।८।१० सूत्रमा उल्लेख भएको छ।

यसरी अनुभावका विविध पक्षका बारेमा सैद्धान्तिक एवम् प्रायोगिक दृष्टिकोणका साथ विषयवस्तु कामसूत्रमा उल्लेख भएको पाइन्छ। यी विषय, सन्दर्भका आधारमा शृङ्गारपरक

रचनाको विश्लेषणका लागि सिद्धान्तको पहिचान कामसूत्रबाट गर्न सकिन्छ।

## ३.१.४ व्यभिचारी भाव

अस्थिर,चलायमान वा सञ्चरणशील भावलाई व्यभिचारी वा सञ्चारी भाव भनिन्छ । जलतरङ्ग जस्तै यो अस्थिर मनोविकार या चित्तवृत्तिका रुपमा विषय र आश्रय दुवै आलम्वनमा रहन्छ । अनेक स्थायी भावहरुमा जोडिएर रसनिष्पत्तिका निम्ति सहयोग गर्ने भाव नै सञ्चारी हुन् (गड्तौला, २०७७, पृ.४७)। सञ्चारी भाव अनन्त हुने भए पनि मोटामोटी रुपमा निर्वेद (तत्वज्ञानपछि हुने सांसारिक संलग्नताको पछुतो बोध), आवेग (हर्षवा डरका कारण आवेशमा आउनु), दैन्य (दुखको भाव), श्रम (थकावट), मद (सम्मोहन), जडता (संज्ञाशून्य स्थिति), उग्रता (उत्ताउलो स्थिति), (मोह आशक्ति), विवोध (निद्रा नपर्नु), अपरस्भार (आवेगका कारण उत्पन्न एक किसिमको विक्षिप्त वा मिरगी रोग), स्वप्न, गर्व, मरण (मृत्युपूर्व वृत्ति), अवहित्था (भय, गौरव, लज्जा आदिका कारण हर्ष छिपाउँदाको आकृति), उत्सुकता, उन्माद (विप्लवको भाव), शङ्का मति (भ्रम निवारण वा ज्ञान), व्याधि (शारीरिक मानसिक रोग), सन्त्रास (आकस्मिक भय) लज्जा, हर्ष, असूया (अरुको गुण वा समृद्धि सहन नगर्ने प्रवृत्ति), विषाद, धृति (तत्वज्ञान तथा इष्टप्राप्ति आदि कारणहरुद्धारा इच्छा पूर्ण हुनु), चपलता (चञ्चलता), ग्लानि (चिन्ता आदि जन्म विकलता), चिन्ता, वितर्क (सन्देहका कारण उत्पन्न विचार), निद्रा र स्मृति गरी तेत्तीस किसिमका छन्।

वात्सायनको कामसूत्रमा पनि यी सञ्चारी भावहरुको सैद्धान्तिक एवम् प्रायोगिक उपस्थिति भेटिन्छ । सञ्चारी भावका तेत्तीस प्रकारहरुमध्ये शृङ्गार रसलाई अनुकूल हुनेगरी कामसूत्रको १।५।१३ सूत्रमा शङ्का सञ्चारीभाव, ३।३।२६ सूत्रमा लज्जा सञ्चारी भाव, २।८।६ सूत्रमा श्रम र लज्जा सञ्चारीभाव, २।१०।२८ सूत्रमा आवेग, १।८।१७ सूत्रमा ग्लानि, २।७।१५ सूत्रमा श्रम, ६।२।६४ सूत्रमा स्मृति, २।१०।२७ सूत्रमा अमर्ष, ३।३।२७ सूत्रमा ब्रीडा (लज्जा) जस्ता सञ्चारी भावको प्रयोग पाइन्छ ।

सञ्चारीभावहरुको स्वभाविक प्रयोगबाट रस उत्पादनमा उत्कृष्टता प्राप्त हुन्छ भन्ने मान्यताका साथ यस कामसूत्रमा पनि स्त्री र पुरुषका बीच कामसुख प्राप्तिका लागि विभिन्न किसिमका सञ्चारीभावको प्रयोग हुनुपर्छ भन्ने मान्यता राखिएको पाइन्छ । तिनै मान्यताहरुका आधारमा शृङ्गारिक रचनाको सैद्धान्तिक विश्लेषण गर्न सकिन्छ।

## ३.१.५ शृङ्गारका भेद

शृङ्गार रस मूलतः सम्भोग शृङ्गार र विप्रलम्भ शृङ्गार गरी दुई किसिमको हुन्छ । नायक नायिकाबीच मिलनको अवस्थालाई सम्भोग शृङ्गार भनिन्छ भने वियोगको अवस्थालाई विप्रलम्भ शृङ्गार भनिन्छ । वात्सायनको कामसूत्रमा मूलतः सम्भोग शृङ्गारको चर्चा गरिएको छ । यसका अधिकांश सूत्रहरु सम्भोग सुखलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन के गर्नुपर्छ भन्ने विषयसँग नै सम्बन्धित छन् । तर विप्रलम्भ शृङ्गारका बारेमा वा शृङ्गारको वियोगका अवस्थाका बारेमा पनि यथास्थानमा चर्चा भएको पाइन्छ । विषेशगरी नायिका र नायक छुट्टिएको अवस्थामा केकसरी प्रेम अभिव्यक्त गर्न सकिन्छ भन्ने सन्दर्भहरुमा चर्चा भएको छ।

कामसूत्रको २।१०।२७, २८, २९, ३०, ३१, ३२, ३३ सूत्रमा 'प्रणयकलह' नाममा विप्रलम्भ शृङ्गारका बारे चर्चा भएको भेटिन्छ । यसमा कलहका प्रकारहरुको चर्चा गर्दै कलहका उत्पन्न कारणले उत्पन्न वियोग र यसको निवारणका बारे चर्चा भएको छ। त्यसैगरी ४।१।४२–४३ सूत्रमा, ६।२।६२–६६ सूत्रमा, ५।१।४–५, ५।१।३ लगायतका सूत्रहरुमा पनि शृङ्गारको विप्रलम्भ अवस्थाको चित्रण गर्दै वियोगबाट सम्भोगमा कसरी रुपान्तरण गर्न सकिन्छ भनेर व्याख्या गरिएको छ । कामसूत्रका यी सूत्रहरुमा भएका सिद्धान्त र प्रयोगका आधारमा विप्रलम्भ शृङ्गारसँग सम्बन्धित कृतिहरुको पनि विश्लेषण गर्न सकिन्छ।

## ३.२ काम र मनको सिद्धान्त

'कामसूत्र' मूलतः काम भावना वा सम्भोग सुखसँग सम्बन्धित छ । कामसूत्रको पहिलो सूत्रमा 'धर्माथकामेभ्यो नमः' भनेर मङ्गलाचरण गरी धर्म, अर्थ र काम अर्थात् त्रिवर्गप्रति नमनः गरेर शास्त्रको सुरुवात गरिएको छ । त्यतिमात्र होइन पहिलो अधिकरण अर्थात् साधारण अधिकरणको अध्याय दुईमा त्रिवर्गप्रतिप्रकरण शीर्षकमा धर्म, अर्थ र कामका बारे विशद् चर्चा गरिएको छ। शास्त्रमा वर्णित चतुर्वगफल अन्तर्गत त्रिवर्ग अर्थात् धर्म, अर्थ र कामलाई

लौकिक फलका रुपमा र मोक्षलाई अलौकिक फलका रुपमा सङ्केत गर्दै धर्म, अर्थ र कामका माध्यमले नै मोक्ष प्राप्ति हुन्छ । त्यसकारण मोक्ष प्राप्तिका लागि सर्वप्रथम त्रिवर्ग आवश्यक छ भन्ने तर्क उल्लेख छ । कामसूत्रको १।१।१–२ को सूत्रको जयमङ्गला टीकाअनुसार धर्मको सम्बन्ध बुद्धिसँग, अर्थको सम्बन्ध शरीरसँग, कामको सम्बन्ध मनसँग र मोक्षको सम्बन्ध आत्मासँग हुने उल्लेख छ, जसलाई निम्नानुसार देखाउन सकिन्छ:-

**लौकिक फल**

धर्म बुद्धि

अर्थ शरीर

काम मन

**अलौकिक फल**

मोक्ष आत्मा

उल्लेखित सन्दर्भ अनुसार कामसूत्रले काम वा रतिलाई मनसँग जोडेका छ । मनको प्रमुख आवश्यकता आनन्दसँग जोडिएको छ । मनको आनन्द नै रति वा काम हो भनी व्याख्या गरिएको छ । यस सन्दर्भलाई यसरी थप प्रष्ट पारिएको छः–

काम एउटा महत्वपूर्ण मानसिक शक्ति हो । यो शक्ति भौतिक कार्यमा प्रकट भएर तथा अन्तस्करणका क्रियाहरुद्धारा अभिव्यक्त भएर दुई भागमा बाडिन्छ । यही शक्ति कहिले चैतन्यका रुपमा र कहिले भौतिक शक्तिका रुपमा प्रकट हुन्छ । ........मनको मूल वासनालाई नै मूल प्रवृत्ति भनिन्छ । समस्त वासना वा मूल प्रवृत्तिलाई यदि वर्गकरण गर्ने हो भने वित्तैषणा, दारैषणा र लोकैषणा गरी तीन भागमा बाँड्न सकिन्छ । धन, स्त्री, पुत्र र यश आदिको कामनाको मूल नै आनन्दको उपयोग हो । सबै प्रकारका वासना इच्छा वा प्रवृत्तिहरुको प्राण नै आनन्द हो ।'' (शास्त्री, २०७५, पृ.७)

यसरी प्रस्तुत कथनले कामलाई मनको मूल प्रवृत्ति मानेको र त्यसको उद्देश्य आनन्दसँग जोडिएको उल्लेख छ । त्यसैगरी शास्त्रीले कामका बारे थप स्पष्ट गर्ने क्रममा ''काम एक प्रवृत्ति हो जसले विषय र विषयीलाई एकात्मक बनाउँछ'', ''कामप्रवृत्ति विषय र आनन्दको इच्छाको पुरानो शक्ति हो'',(२०७५, ८) भनी उल्लेख गरेका छन् । आचार्य वात्सायनले कामको परिभाषा दिने क्रममा उल्लेख भएको निम्नानुसारको परिभाषा महत्वपूर्ण छ, .....अर्थात् आत्मा र संयुक्त मनबाट अधिष्ठित पाँच ज्ञानेन्द्रियका आफ्ना विषयमा जे अनुकूल प्रवृत्ति हुन्छ त्यही नै काम हो (शास्त्री, २०७५, पृ.११) । यस भनाइबाट त काम र मनबीचको सम्बन्ध एकै ठाउँ रहेको स्पष्ट छ । अझ यसो भनौं मनको आनन्द प्राप्तिको प्रमुख स्रोतका रुपमा काम वा रतिलाई लिनु पर्ने हुन्छ ।

पश्चिमी वाङ्मय जगत्मा वात्सायनभन्दा धेरै पछि सिग्मण्ड फ्रायड (सन् १८५६/१९३९) ले यौन मनेविश्लेषणको व्यवस्थित चर्चा गरी मनोवैज्ञानिक सिद्धान्तको प्रतिपादन गरेको पाइन्छ । फ्रायडले मनोविज्ञानका विभिन्न सिद्धान्तहरु प्रतिपादन गर्ने क्रममा मनसँग सम्बन्धित रहेर 'मनको सिद्धान्त' (घर्ती, २०६७, पृ .१५) प्रतिपादन गरेको पाइन्छ । यस सिद्धान्तअनुसार मनलाई निम्नानुसार वर्गीकरण गरिएको छ|

**मनको गत्यामक पक्ष**

इदम्

अहम

पराहम

**मनको आकारात्मक पक्ष**

चेतन

अवचेतन

अचेतन

फ्रायडका अनुसार गत्यात्मक पक्ष मूल प्रवृत्तिहरुद्धारा उत्पन्न सङ्घर्षको समाधान गर्ने माध्यम हो (ब्राउन, १९४०, पृ.१६५) । फ्रायडले मनका गत्यात्मक पक्ष अन्तर्गत इदम, अहम र पराहम गरी तीन पक्ष मानेका छन् । फ्रायडले इदमलाई बढी महत्व दिएको पाइन्छ । इदम मूल प्रवृत्तिहरुको भण्डार र मानस शक्तिको मूल स्रोत हो । यो सबै प्रकारका इच्छाहरुको जननी हो । यसको प्रमुख विषयसामग्रीका रुपमा कामशक्तिसँग सम्बन्धित कुराहरु र तत्कालै त्यसको परितुष्टिका चाहना पर्दछन् (घर्ती, २०६७, पृ.१६) । सामान्यतः जसलाई मन वा चेतन अथवा बुद्धि भन्ने गरिन्छ, फ्रायडले त्यही अर्थमा अहम्लाई लिएका छन् भने पराहम् व्यक्तिलाई सामाजिकीकरणतर्फ उन्मुख गराउने प्रमुख शक्तिका रुपमा लिएको छ ।

त्यसैगरी फ्रायडले व्यक्तित्वका विभिन्न ध्रुवहरुको तथा मनको गत्यात्मक पक्षको व्याख्या मनको आकारात्मक पक्षका आधारमा गरेका छन् । आकारात्मक पक्षअन्तर्गत चेतन मनको त्यो खण्ड हो, जो तात्कालिक मनसँग सम्बन्धित हुन्छ । अवचेतनलाई पूर्वचेतन वा अग्रचेतन भनिएको पाइन्छ ।

'अचेतन' मनको विशाल भाग हो, जसमा विभिन्न विचार, उत्तेजना र आवेगहरु भण्डारण भएर रहेका हुन्छन् । फ्रायडले पानीमुनि डुबेको देख्न नसकिने ठूलो भागका रुपमा अचेतन मनलाई अथ्याएका छन् । गत्यात्मक मन र आकारात्मक मनलाई निम्नानुसार देखाउन सकिन्छ:




वात्सायनले उल्लेख गरेको वासनात्मक मनको सम्बन्ध फ्रायडले उल्लेख गरेको 'इदम' मन र 'अचेतन' मनको प्रवृत्तिसँग नजिक छ । फ्रायडले अचेतन मनमा कुण्ठित विभिन्न चाहनाहरुमध्ये यौन प्रमुख हुन्छ भन्नु र मनको प्रमुख उद्देश्य आनन्द हो अनि त्यस्तो आनन्द काम वा रतिबाट प्रमुख रुपले पाइन्छ भन्ने कामसूत्रको सन्दर्भबाट फ्रायड र वात्सायनको 'काम' सम्बन्धमा नजिकको सम्बन्ध रहेको स्पष्ट हुन्छ । 'काम' प्रवृत्तिलाई 'मन' प्रवृत्तिकै एउटा महत्वपूर्ण अङ्गका रुपमा अध्ययन गर्न सकिन्छ ।

त्यसकारण मनको आनन्द प्राप्तिका विभिन्न प्रकारहरुमध्ये 'काम' प्रमुख प्रकार रहेको स्पष्ट हुन्छ । त्यही 'काम' वा 'रति' लाई प्रमुख उद्देश्य बनाइएको कृतिलाई यस वैचारिक सिद्धान्तका आधारमा विश्लेषण गर्न सकिन्छ । वात्सायनको कामसूत्रको आधारमा साहित्यिक विश्लेषण गर्दा शृङ्गार रसप्रधान वा यौन प्रधान रचनामा रति वा काम केकसरी प्रस्तुत भएको छ भन्ने कुराको अध्ययन स्थायी भावको पहिचानबाट गर्न सकिन्छ ।

## ४. निष्कर्ष

वात्सायनको कामसूत्र केवल यौनसंहिता होइन । यसमा साहित्य विश्लेषणका आधारहरु पनि प्रशस्त रहेका छन् । विशेषतः सम्भोगक्रीडा र सम्भोगकलालाई मुख्य विषय बनाइएको भए पनि सम्भोगकलाका सन्दर्भहरु चर्चा हुने क्रममा शृङ्गारिक चिन्तन अभिव्यक्त भएको छ । त्यही शृङ्गारिक चिन्तनको विश्लेषणका क्रममा यसका सामग्रीहरुभित्र विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभावको सैद्धान्तिक र प्रायोगिक व्याख्या पाइन्छ । विभावअन्तर्गत पनि आलम्वन विभावका बारे नायक, नायिका, दूती, नायकसहयोगी, विदुषक, सौतालगायतका बारे चर्चा गर्ने क्रममा, उद्दीपन विभावका बारेमा रतिस्थान, उद्यानगमन, जलक्रीडा, गोष्ठीविचार,चौसठ्ठीकलाका कतिपय कलाको व्याख्या गर्ने क्रममा उल्लेख भएको छ । अनुभाव अन्तर्गत आङ्गिक, वाचिक, आहार्य र सात्विकको प्राक्क्रीडा (स्पर्श, चुम्बन, ओठ, गन्ध, हास्यव्यङ्ग्य, आवाज, नजर, आलिङ्गन, नङ गाड्ने, दाँत गाड्ने आदि), सित्कार, मुखमैथुन क्रिया, सम्भोग आसन लगायतका सन्दर्भमा चर्चा भएको भेटिन्छ । व्यभिचारीभावका तेत्तीसवटै प्रकारहरुको स्वभाविक प्रयोग र विश्लेषण यथास्थानमा भएको छ । यी शृङ्गारसामग्री अर्थात् यौन सन्दर्भहरुको उचित व्यवस्थापनबाट रति वा सम्भोगसुख प्राप्त हुन्छ भन्ने कथ्यलाई महत्त्वका साथ उल्लेख गरिएकाले कामसूत्रमा रति स्थायीभावको सशक्त उपस्थिति भेटिन्छ । त्यसैगरी फायडको मनोविश्लेषणवादी सिद्धान्तजस्तै वात्सायनको कामसूत्रले पनि काम र मनको सम्बन्धलाई महत्त्व दिएको छ । मनको आनन्दको प्रमुख स्रोत कामसुख भएकाले आनन्द वा सुखका लागि सुखद यौनजीवन आवश्यक छ भन्ने सिद्धान्तलाई स्थापित गरिएको छ । यसरी प्रस्तुत लेखमा कमसूत्रलाई विभिन्न कोणबाट विश्लेषण गर्दै अनि रससिद्धान्त र फायडको मनोविश्लेषणवादी सिद्धान्तसँग तुलना गर्दै शृङ्गारिकता एवम् काम र मनको सिद्धान्तलाई साहित्य विश्लेषणको मुख्य आधारका रुपमा पहिचान गरिएको छ ।

## लेखकको संलग्नता

**घनश्याम घिमिरे**
उप-प्राध्यापक, नेपाली
मकवानपुर बहुमुखी क्याम्पस, हेटौडा

**खिल प्रसाद बराल**
उप-प्राध्यापक, नेपाली
मकवानपुर बहुमुखी क्याम्पस, हेटौडा
nimeshnikhil@gmail.com

**निरा शर्मा**
उप-प्राध्यापक, नेपाली
मकवानपुर बहुमुखी क्याम्पस, हेटौडा
sharmanira30@gmail.com

**जयराम गौतम**
उप-प्राध्यापक, नेपाली
मकवानपुर बहुमुखी क्याम्पस, हेटौडा
jrgautam2020@gmail.com

## सन्दर्भ सामाग्री

१. **अधिकारी, डा. हेमाङ्गराज.** (२०६७). पूर्वीय समालोचना सिद्धान्त(सातौं संस्करण). ललितपुरः साझा प्रकाशन।

२. **उपाध्याय, डा. केशवप्रसाद.** (२०५५). पूर्वीय साहित्य सिद्धान्त (तेस्रो संस्करण). ललितपुरः साझा प्रकाशन।

३. **गडतौला, डा. नारायणप्रसाद.** (२०७७). पूर्वीय काव्यशास्त्रको प्रायोगिक पद्धति. काठमाडौं: नेपाल प्रज्ञा प्रतिष्ठान।

४. **घर्ती, डा. दुर्गाबहादुर.** (२०६७). मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान. ललितपुरः साझा प्रकाशन।

५. **डा. नगेन्द्र.** (सन् १९८७). रससिद्धान्त. दिल्लीः नेशनल पब्लिसिंग हउस।

६. **पद्माकुमारी.** (सन् १९९१). सिगमण्ड फ्रायड और मनोविश्लेषण. जयपुरः राजस्थान हिन्दी ग्रन्थ अकादमी।

७. **पोखरेल, डा. सुबोधकुमार.** (२०७४). सम्भोगकला. काठमाण्डौं: गेलाल प्रकाशन।

८. **पौडेल, विष्णुप्रसाद.** (२०५७). संस्कृत काव्यशास्त्र. काठमाडौं: भुँडीपुराण प्रकाशन।

९. **बन्धु, चुडामणि,** (२०५२). अनुसन्धान प्रतिवेदन लेखन. काठमाण्डौं: रत्न पुस्तक भण्डार।

१०. **भण्डारी, कृष्णप्रसाद.** (२०५६). फ्रायड र मनोविश्लेषण. ललितपुरः साझा प्रकाशन।

११. **विश्वनाथ.** (सन् १९८२). साहित्यदर्पण विमल व्यख्यासहित (नवम संस्करण). दिल्लीः मोतीलाल नारसीदास।

१२. **शर्मा, उर्मिला.** (२०७२). विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा वात्स्यायनसूत्रको प्रभाव. अप्रकाशित विध्यावारिधी शोधपत्र. नेपाल संस्कृत विश्वविध्यालय. दाङ।

१३. **शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद.** (२०६६). शोधविधि. ललितपुरः साझा प्रकाशन।

१४. **शास्त्री, डा. आचार्य रामचन्द्र.** (रूपान्तर २०६२). वात्स्यायनका कामसूत्र (नवौं संस्करण). दिल्ली: मनोज पब्लिकेसन।

१५. **शास्त्री, श्रीदेवदत्त.** (२०७५). कामकसूत्र जयमङ्गला टीकासहित. वाराणसी: चौखम्भा संस्कृत संस्थान।

१६. **त्रिपाठी, डा. वासुदेव.** (२०५८). पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग – १ (पाँचौं संस्करण). ललितपुरः साझा प्रकाशन।

**TO CITE THIS ARTICLE**
Ghimire, G., Baral, K.P., Sharma, N. & Gautam, J. (2023). वात्सायनको कामसूत्रमा साहित्य विश्लेषणको सैद्धान्तिक आधार (The theoretical basis of literature analysis in Vatsayan's Kamasutra). *International Research Journal of MMC, 4*(4), 10–18. https://doi.org/10.3126/irjmmc.v4i3.61160

**Submitted:** 10 November 2023 **Accepted:** 27 December 2023 **Published:** 22 January 2024

**COPYRIGHT**
© 2023 The Author(s). This is an open-access article distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC-BY-NC 4.0), which permits unrestricted use, distribution, and reproduction in any medium, provided the original author and source are credited. See https://creativecommons.org/licenses/by-nc/4.0/

*International Research Journal of MMC (IRJMMC)* is a peer-reviewed open access journal published by Research Management Cell, Makawanpur Multiple Campus, Hetauda